# लोक सेवा आयोग
# दाङ कार्यालय
## तुलसीपुर, दाङ

## रा.प. अनं. प्रथम श्रेणी (अप्राविधिक), नायब सुब्बा वा सो सरह पदको द्वितीय चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

***सूचना नं. ४६/०८२-८३, मिति २०८३/०२/२७***

लोक सेवा आयोग, बुटवल कार्यालयको **विज्ञापन नं. १३८०१-१३८०५/०८२-८३ (खुला तथा समावेशी), रा.प. अनं. प्रथम श्रेणी** (अप्राविधिक), संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तर्गत नायब सुब्बा वा सो सरह पदमा **दाङ परीक्षा केन्द्रबाट** मिति २०८३/०१/२० मा सञ्चालन भएको प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षामा उत्तीर्ण भएका सम्पूर्ण उम्मेदवारहरूको द्वितीय चरण (द्वितीय र तृतीय पत्र) आयोगको पूर्वनिर्धारित कार्यक्रम अनुसार देहायको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरूले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाण सहितका कागजातहरू संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८ (१) बमोजिम परीक्षा सुरू हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ।

परीक्षार्थीहरूले पालना गर्नुपर्ने नियमहरू **द्रष्टव्य**मा उल्लेख गरिएको छ।

### परीक्षा कार्यक्रम

| क्र. सं. | सेवा | समूह/उपसमूह | विषय | परीक्षा मिति र समय | उम्मेदवारको संख्या | परीक्षा भवन |
|---|---|---|---|---|---|---|
| १. | संयुक्त र एकीकृत (सबै सेवा समूहका लागि) | | **द्वितीय पत्र** समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन | २०८३/०३/१४ गते दिनको १:०० बजे (२ घण्टा ३० मिनेट) | सम्पूर्ण उम्मेदवारहरु | श्री राप्ती बबई क्याम्पस, तुलसीपुर, दाङ |
| २. | नेपाल न्याय | न्याय | **तृतीय पत्र** सेवा समूह सम्बन्धी | २०८३/०३/१५गते दिनको १:०० बजे (२ घण्टा ३० मिनेट) | सम्बन्धित सेवा समूहका सम्पूर्ण उम्मेदवारहरू | |
| ३. | नेपाल प्रशासन | सामान्य प्रशासन | | २०८३/०३/१६ गते दिनको १:०० बजे (२ घण्टा ३० मिनेट) | | |
| ४. | नेपाल प्रशासन | लेखा | | २०८३/०३/१७ गते दिनको १:०० बजे (२ घण्टा ३० मिनेट) | | |
| ५. | नेपाल प्रशासन | राजश्व | | २०८३/०३/१८ गते दिनको १:०० बजे (२ घण्टा ३० मिनेट) | | |

### द्रष्टव्य : उम्मेदवारले अनिवार्य पालना गर्नु पर्ने विषयहरु

क) उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम मात्र प्रयोग गर्नुपर्ने**छ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

ख) प्रवेश पत्र बिना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा उम्मेदवारले **प्रवेश पत्रका साथ** आफ्नो **नागरिकता** वा नेपाल सरकारबाट जारी भएको **फोटो सहितको कुनै परिचयपत्र** अनिवार्यरूपमा लिई आउनुपर्ने छ।

ग) उम्मेदवारले आफ्नो प्रवेशपत्र लिई परीक्षा सुरु हुनुभन्दा कम्तिमा १ (एक) घण्टा अगावै सम्बन्धित परीक्षा केन्द्रमा पुग्नुपर्ने छ ।

घ) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित बिदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन ।

ङ) परीक्षा भवनमा झोला, मोबाइल फोन, स्मार्ट वाच लगायतका विद्युतीय सामाग्री निषेध गरिएको छ ।

च) प्रवेश पत्रमा उल्लेख गरिएका नियमहरु उम्मेदवारहरुले अनिवार्य रूपमा पालना गर्नु पर्नेछ ।

छ) तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा कुनै पनि उम्मेदवारलाई सम्मिलित गराईने छैन ।

| | | |
|---|---|---|
| ......................... | ............................ | .............................. |
| (कृष्ण प्रसाद गौतम) | (पदम बहादुर खत्री) | (नविन पोखरेल) |
| कम्प्युटर अपरेटर | नायब सुब्बा | शाखा अधिकृत |